## ७६ औं नगर कार्यपालिका बैठक(मिति २०७९/०९/२१ गते) का निर्णयहरुः

१. आठविसकोट नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेसिकरण मूलप्रवाहिकरण रणनीति, २०७९ स्वीकृत गरियो ।

२. आठविसकोट नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र वितरण कार्यको सहजिकरणका लागि अपाङ्ग भएका व्यक्तिहरुको अधिकार सम्वन्धि ऐन, २०७४ को दफा ४२ अनुसार देहाय बमोजिमको नगर स्तरीय समन्वय समिति गठन गरियो ।

(क) श्री धन कुमारी शाही - संयोजक
(ख) श्री कृष्णा घर्ती - सदस्य
(ग) श्री जीत वहादुर ओली - सदस्य
(घ) श्री प्रेम वहादुर रोकाय - सदस्य
(ङ) श्री विक्रम सुवेदी - सदस्य
(च) श्री निम वहादुर कुसारी - सदस्य
(छ) श्री नन्दा कुमारी शाही – सदस्य
(ज) श्री लिला ओली - सदस्य

३. श्री हिमालय माध्यमिक विद्यालय दाजेको प्रधानाध्यापक पदमा श्री नवराज वुढालाई नियुक्ति गर्ने निर्णय गरियो ।

४. सिस्ने राउण्ड ट्रेकिङ्को प्रचार प्रसार सामग्री व्यवस्थापनको लागि रु ५० हजार ट्रेकिङ् गाइड विष्णु बहादुर वोहरालाई अनुदान दिने निर्णय गरियो ।

५. श्री कालिका आधारभूत विद्यालय आठविसकोट न पा ६ मन्काबगरको जग्गा प्राप्तीका लागि जग्गा खरिद गर्दा तोकिएको रकम रु २ लाख ५० हजार भुक्तानी दिने निर्णय गरियो ।

६. गत आ वमा न्यू ओली चित्रालेखी एण्ड चित्रिपाटन सप्लायर्स मार्फत चामल र फापर खरिद गरि जनतालाई वितरण गरिएकोले उक्त चामल खरिदको रु ९ लाख ५० हजार र फापर खरिदको रु २ लाख ३२ हजार ५ सय "कर्णाली समृद्धि" कार्यक्रम ११.४.२२.४८१० (सडक, खेल मैदान, लगाएत बाँकी भुक्तानी) शिर्षकबाट दिइएको भुक्तानी स्वीकृत गरियो ।

७. यस आठविसकोट नगरपालिकाको मध्यकालिन खर्च संरचना (२०७८/०७९/०८०/०८१) स्वीकृत गर्ने र यसकै आधारमा व्यापक छलफल गरी नगरपालिकाले आवश्यक पर्ने खर्च व्यहोर्ने गरी आवधिक योजना निर्माण गर्ने निर्णय गरियो ।

८. यहि मिति २०७९/०९/२९ गते सञ्चालन हुने दोस्रो सिस्ने ट्रेल रेसको प्रथम पुरस्कार बराबरको रु ५० हजार रकम विल भरपाइको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

९. सार्वजनि सुनुवाइ कार्यक्रमको लागि एम.पि.स्टार मिडिया प्रा.लि. को प्रस्तावनाको आधारमा तपसिल बमोजिमको मिति देखि सार्वजनिक सुनुवाइ कार्यक्र सञ्चालन गर्ने र उक्त कार्यक्रम सञ्चालन गरे वापत

मणि राज शाह
प्रमुख प्रशासकीय अधिकृत

एम.पि.स्टार मिडिया प्रा.लि.लाई सम्झौता पत्रका आधारमा रु ५ लाख बराबरको रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | मिति | वडा नं. | स्थान |
|---|---|---|---|
| १ | २०७९/०९/२४ गते | १ | रोकाजाखेत |
| २ | २०७९/०९/२५ गते | २ | साझेबगर |
| ३ | २०७९/०९/२६ गते | ३ | खदी |
| ४ | २०७९/०९/२८ | ४ र ५ | चौतारा |
| ६ | २०७९/०९/२९ | ६ | मुलबजार |
| ७ | २०७९/१०/०२ | १४ | वडा कार्यालय |
| ८ | २०७९/१०/०३ | १३ | वडा कार्यालय |
| ९ | २०७९/१०/१९ | ७,८,९,१०,११ र १२ | नगरपालिकाको कार्यालयमा |

१०.आठविसकोट नगरपालिकाका फुसको छानाविस्थापन कार्यक्रमअन्तर्गत १६ सय घरधुरीको लागि खरिद गरी वितरण गरिएका जस्तापाताको अनुगमन गरी तयार पारिएको अनुगमन प्रतिवेदन स्वीकृत गरियो । साथै दोस्रो किस्ताको भुक्तानी हुन बाँकी रहेका घर परिवारलाई कार्य सपन्न र अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

११.आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माणको लागि उपभोक्ता समितिहरुले राखेको धरौटि वापतको रकम निर्माण कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपश्चात उपयुक्त शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१२. आठविसकोट नगरपालिका अन्तर्गत वडा नं. ६ मा सञ्चालित थापा काष्ठ उद्योग आगलागीका कारण पूर्ण रुपमा क्षती भएको र वडा नं. १४ को पिपलचौर काष्ठ उद्योग वर्षातको बाढि पहिरोको कारणले पूर्ण रुपमा क्षति भएकोले स्थलगत अनुगमन प्रतिवेदनका आधारमा थापा काष्ठ उद्योगलाई रु ३ लाख ५० हजार र पिपलचौर काष्ठ उद्योगलाई रु २ लाख ५० हजार राहत स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

१३. आठविसकोट नगरपालिका अन्तर्गत सार्वजनिक संरचना निर्माणको क्रममा विभिन्न व्यक्तिहरुको घर जग्गाको क्षती हुन गएकोमा घरजग्गाको क्षति अनुगमन प्रतिवेदनको आधारमा तपसिल बमोजिमका जग्गा धनीहरुलाई तपसिल बमोजिमको क्षतिपूर्ति दिने निर्णय गरियो ।

| क्र.सं | नाम, थर | ठेगाना | रकम | कै |
|---|---|---|---|---|
| १ | प्रेमा कुमारी कामी | आठविसकोट नगरपालिका-९, रुकुम (पश्चिम) | ५ लाख | |
| २ | अनिराम कुसारी | आठविसकोट नगरपालिका-१०,रुकुम (पश्चिम) | २ लाख ५० हजार | |
| ३ | कर्णवहादुर वटाला | आठविसकोट नगरपालिका-९, रुकुम (पश्चिम) | २ लाख | |
| ४ | खडानन्द रिजाल | आठविसकोट नगरपालका-९, रुकुम (पश्चिम) | १ लाख ५० हजार | |

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

१४. विपत व्यवस्थापन समितिबाट सिफारिस भइ आएका ७० घरको पुनः निर्माणको लागि जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिममा माग गर्ने र विपद व्यवस्थापन समितिबाट सिफारिस भइ आएका १७१ घरधुरीलाई क्षतीको विवरण हेरी नियमानुसार राहत दिने निर्णय गरियो ।

१५. श्री आधारभूत विद्यालय घाटीगौंरा, आठविसकोट नगरपालिका-११, रुकुम (पश्चिम) को जग्गा खरिद वापतको रु १० लाख ३५ हजार उपयुक्त शिर्णकबाट भुक्तानी दिने निर्णय गरियो ।

१६.आठविसकोट नगरपालिका वडा नं. १० को विजारे जन्ती वस्ना पर्यकटिय स्थलको लागि मैडाडा - विजारे जाने मोटर बाटो, विजारे मन्दिर र आठविसकोट नगरपालिका वडा नं. ९ मा कवर्ड हल निर्माणको लागि डि.पि.आर. गर्ने निर्णय गरियो ।

१७. यस आठविसकोट नगरपालिकालाई प्राप्त हुने गरी संघिय समपूरक अनुदान, संघिय विशेष अनुदान, प्रदेश समपूरक अनुदान र प्रदेश विशेष अनुदान अन्तर्गत तपसिल बमोजिमका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

(क) संघीय समपूरक आयोजना

| क्र.सं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | ३ नं. वडा कार्यालय भवन निर्माण | |
| २ | ५ नं. वडा कार्यालय भवन निर्माण | |
| ३ | ६ नं. वडा कार्यालय भवन निर्माण | |
| ४ | ७ नं. वडा कार्यालय भवन निर्माण | |
| ५ | ८ नं. वडा कार्यालय भवन निर्माण | |

(ख) संघीय विशेष आयोजना

| क्र.सं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | श्री सरस्वती माध्यमिक विद्यालय मिग्री ८ कोठे भवन निर्माण | |
| २ | श्री कालिका माध्यमिक विद्यालय सुन्दरपानी ८ कोठे भवन निर्माण | |
| ३ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय गत्तसैना ८ कोठे भवन निर्माण | |
| ४ | श्री नविन आधारभू विद्यालय पहाडा ८ कोठे भवन निर्माण | |
| ५ | श्री बालकल्याण आधारभूत विद्यालय हम्पा ८ कोठे भवन निर्माण | |

(ग) प्रदेश समपूरक आयोजना

| क्र.सं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | १३ नं. वडा कार्यालय भवन निर्माण | |
| २ | १२ नं. वडा कार्यालय भवन निर्माण | |
| ३ | ११ नं. वडा कार्यालय भवन निर्माण | |
| ४ | १० न वडा कार्यालय भवन निर्माण | |
| ५ | ९ नं. वडा कार्यालय भवन निर्माण | |

क्षीण राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

(घ) प्रदेश विशेष आयोजना

| क्र.सं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | श्री शाइकुमारी माध्यमिक विद्यालय रोकाजाखेत ८ कोठे भवन निर्माण | |
| २ | श्री गोरखनाथ आधारभूत विद्यालय पाटागाउँ ८ कोठे भवन निर्माण | |
| ३ | श्री आदर्श माध्यमिक विद्यालय ज्यामिरकोट ८ कोठे भवन निर्माण | |
| ४ | श्री हिमालय माध्यमिक विद्यालय दाजे ८ कोठे भवन निर्माण | |
| ५ | श्री नेपाल राष्ट्रियम माध्यमिक विद्यालय ठूलीबार्खु ८ कोठे भवन निर्माण | |

१८. आठविसकोट नगरपालिका अन्तर्गतका कृषकहरुले उत्पादन गरेको कृषि उपजहरुको खरिद गर्नका लागि तयार पारिएको **न्यूनतम समर्थन मूल्य कार्यान्वय कार्यविधि, २०७९** स्वीकृत गरियो।

१९.संघीय आयोजना कार्यन्वय इकाई, विरेन्द्रनगर सुर्खेतबाट ठेक्का प्रक्रियामा रहेका नेत्रचोक देखि ५०० मिटर अगाडिबाट खारखारा दाजे सडक खण्डको चौडाइ १० मिटर रहेकोमा उक्त सडक खण्डको चौडाई १४ मिटर र घट्टाखेट्ट देखि सुन्दरपानी मैडाडा सडक खण्डको चौडाई ९ मिटर रहेकोमा उक्त सडक खण्डको चौडाई ७ मिटर हुने गरी (आठविसकोट नगरपालिकाको सडक सम्वन्धि मापदण्डअनुसार ) उक्त सडक खण्डहरुको निर्माण कार्य सञ्चालनको लागि संघीय आयोजना कार्यान्वय इकाई, विरेन्द्रनगर सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो।

२०.रक्षा वर्ल्ड कन्स्ट्रक्सन फर्म प्रा.लि. आठविसकोट नगरपालिका वडा नं. १३, रुकुम (पश्चिम) र देवी माई कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. आठविसकोट नगरपालिका वडा नं. ९, रुकुम (पश्चिम) ले दिएको निवेदन अनुसार उक्त प्रा.लि.हरुले प्रकृया बमोजिम आवश्यक पर्ने कागजात पुर्याएमा निर्माण सेवाको घ वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

२१. आठविसकोट नगरपालिका वडा नं. ३ का वडा सचिव बुदिराम वि.क.को कार्य सम्पादन सन्तोषजनक नभएकोले आजकै मितिबाट लागु हुने गरि निजसंगको करार सम्झौता रद्द गरियो।

२२. ३२ औँ पूर्णिमा मेला गोतामकोट, आठविसकोट नगरपालिका-४, रुकुम (पश्चिम) को मेला आयोजनाको प्रथम पुरस्कारहरुको रु २ लाख ६० हजार विल भरपाइको आधारमा उपयुक्त शिर्षकबाट भुक्तानी दिने।

२३. आठविसकोट नगरपालिकाको १२ औँ नगर सभा मिति २०७९/१०/१८ गते वस्ने निर्णय गरियो।

२४.यस आठविसकोट नगरपालिका अन्तर्गत अति विपन्न वर्गका व्यक्तिहरुलाई औषधी उपचार खर्च र किरिया खर्च वापतको रकम राहत स्वरुप तपसिलका व्यक्तिहरुलाई प्रदान गर्ने निर्णय गरियो।

| क्र सं | राहत पाउने व्यक्तिको नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | गोविन्द वटाला | आ.न.पा.९ | रु २००००।- | |
| २ | लक्ष्मी दमाइ | आ.न.पा.९ | रु १५०००।- | |
| ३ | मन कुमारी नेपाली | आ.न.पा.१० | रु १५०००।- | |
| ४ | मनकली कामी | आ.न.पा.-१ | रु १५०००।- | |

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत

२५.आठविसकोट नगरपालिका वडा नं. ९ को बजेट तपसिल बमोजिम हुने गरी संशोधन गर्ने र अनुमोदनका लागि आगामी नगर सभामा लैजाने निर्णय गरियो।

| क्र.सं. | बजेट शिर्षक | बजेट रकम | नयाँ काय भएको बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | सार्वजनिक स्थल धारा तथा बजारमा पोल बत्ती व्यवस्थापन | रु १ लाख ५० हजार | ९ नं. वडाका कृषि सडकहरु मर्मत | |
| २ | बाइक तथा अन्य मेकानिकल सामग्री | ७० हजार | वडा स्तरिय योजना अनुगमन तथा मूल्यांकन | |
| ३ | लक्षीत वर्ग (महिला, दलित अन्यको जनचेतनामूलक कार्यक्रम) | १ लाख २० हजार | वडा स्तरिय खेलकूद साम्रगी खरिद | |

२६. यस नगरपालिकाकै सबैभन्दा ठूलो मेलाको रुपमा आठविसकोट नगरपालिका-९, रुकुम (पश्चिममालाग्दै आएको चौतारा मेला यस वर्ष २८ औँ चौतारा मेलाको रुपमा संचालन भएकोले उक्त मेलाको व्यवस्थापन खर्च स्वरुपको रकम रु. ७ लाख विल भरपाइका आधारमा भुक्तानी दिने निर्णय गरियो।

मणि राज शाह
नि. प्रमुख प्रशासकीय अधिकृत